# प्रदेश प्रहरी ऐन, २०७७

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला
लय,बागमती प्रदेश

# प्रदेश प्रहरी ऐन, २०७७

**प्रमाणीकरण र प्रदेश राजपत्रमा प्रकाशित मिति**

२०७७।०५।१५

## संवत् २०७७ सालको ऐन नं. ९

## प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**प्रस्तावनाः** प्रदेशमा शान्ति सुरक्षा कायम गर्न, अपराधको अनुसन्धान, रोकथाम तथा नियन्त्रण, यातायात व्यवस्थापन एवं मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा गर्न प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपरिवेक्षण, समन्वय, व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश प्रहरी ऐन, २०७७" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा १५ बमोजिम प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति गर्ने अधिकारी सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले प्रदेशको प्रहरी कार्यालय सम्झनु पर्छ र सो शब्दले सो मातहत रहने प्रदेशको अन्य प्रहरी कार्यालय समेतलाई जनाउँनेछ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "परिवार" भन्नाले प्रदेश प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(च) "प्रहरी कर्मचारी" भन्नाले यस ऐन बमोजिम नियुक्त भएको प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारी सम्झनु पर्छ। सो शब्दले प्रचलित संघीय कानून बमोजिम यस प्रदेशमा समायोजन भई वा खटिई आएको प्रहरी कर्मचारी समेतलाई जनाउँछ।

(छ) "प्रदेश प्रहरी प्रमुख" भन्नाले नेपाल सरकारबाट खटाइएको नेपाल प्रहरीको प्रहरी नायब महानिरीक्षक सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(झ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद-२
## प्रदेश प्रहरीको गठन तथा सञ्चालन

३. **प्रदेश प्रहरीको गठनः** (१) मन्त्रालय अन्तर्गत एक प्रदेश प्रहरी सङ्गठन रहनेछ।

(२) उपदफा (१) बमोजिम रहने प्रहरी सङ्गठनमा पहिलो पटकको हकमा प्रहरी कर्मचारी समायोजन सम्बन्धी संघीय कानून बमोजिम नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीलाई प्रचलित संघीय कानून बमोजिम समायोजन भई वा खटिई आएको र त्यसपछि यसै ऐन बमोजिम नियुक्त भई कार्यरत प्रदेश प्रहरी कर्मचारीबाट प्रदेश प्रहरीको गठन हुनेछ।

(३) प्रदेश प्रहरी सङ्गठन समावेशी स्वरुपको हुनेछ।

(४) प्रदेश प्रहरीको सञ्चालन यस ऐन बमोजिम प्रदेश सरकारले गर्नेछ।

(५) मन्त्रालय मातहत एक प्रदेश प्रहरी कार्यालय रहनेछ।

(६) प्रदेश प्रहरी कार्यालय मातहत तोकिए बमोजिमका विभाग, प्रतिष्ठान, महाशाखा, कार्यालय तथा प्रहरी इकाइ रहनेछन्।

४. **प्रदेश प्रहरी सेवामा रहने समूहः** (१) प्रदेश प्रहरी सेवामा विशिष्टिकृत कार्य प्रकृतिका आधारमा देहाय बमोजिमका समूह रहनेछन्ः-

(क) जनपद प्रहरी समूह,

(ख) प्राविधिक प्रहरी समूह।

(२) उपदफा (१) बमोजिमका समूहमा तोकिए बमोजिमका उपसमूह रहनेछन्।

५. **प्रदेश प्रहरी सेवामा रहने श्रेणी र पदः** (१) प्रचलित संघीय कानूनमा अन्यथा उल्लेख गरेकोमा बाहेक प्रदेश प्रहरी सेवामा रहने प्रहरीको श्रेणी र पद देहाय बमोजिम हुनेछः-

(क) राजपत्राङ्कित श्रेणीर पदः

(१) प्रथम श्रेणी - प्रहरी नायब महानिरीक्षक (प्रदेश प्रहरी प्रमुख)
- प्रहरी वरिष्ठ उपरीक्षक

(२) द्वितीय श्रेणी - प्रहरी उपरीक्षक

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

- प्रहरी नायब उपरीक्षक

(३) तृतीय श्रेणी - प्रहरी निरीक्षक

(ख) राजपत्र अनङ्कित श्रेणी र पदः

(१) प्रथम श्रेणी - प्रहरी नायब निरीक्षक

(२) द्वितीय श्रेणी - प्रहरी सहायक निरीक्षक

(३) तृतीय श्रेणी - प्रहरी हवल्दार

(४) चतुर्थ श्रेणी - प्रहरी जवान

(ग) श्रेणी विहीनः प्रहरी कार्यालय सहयोगी वा सो सरह

(२) प्रदेश प्रहरी सेवाको श्रेणी विहीन पदमा देहाय बमोजिमको स्तर रहनेछन्:

(क) प्रथमस्तर,

(ख) द्वितीयस्तर,

(ग) तृतीयस्तर,

(घ) चतुर्थस्तर,

(ङ) पाँचौंस्तर।

(३) श्रेणी विहीन पदको स्तर वृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **<u>सङ्गठनसंरचना र दरबन्दी सृजना</u>ः** (१) प्रदेश प्रहरीको सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

तर पहिलो पटकको हकमा प्रचलित संघीय कानून बमोजिम समायोजन गर्ने प्रयोजनका लागि निर्धारण भएको सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या नै प्रदेश प्रहरीको सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या मानिनेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठन संरचना र सङ्ख्या निर्धारण गर्ने प्रयोजनको लागि सिफारिस गर्न देहाय बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश प्रहरी प्रमुख, प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

प्रहरी कार्यालय - सदस्य

(ग) महाशाखा प्रमुख, आर्थिक
मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) प्रमुख (मानव स्रोत विकास हेर्ने),
प्रदेश प्रहरी कार्यालय - सदस्य

(ङ) महाशाखा प्रमुख, मन्त्रालय
(शान्ति सुरक्षा हेर्ने) -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या निर्धारण गर्दा देहाय बमोजिमका विषयलाई आधार मानिनेछः-

(क) प्रदेश प्रहरीको जिम्मेवारी, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, सेवा प्रवाहको क्षेत्र, उपलब्ध मानवस्रोत, लागत प्रभावको विश्लेषण तथा नवीनतम प्रविधिको प्रयोगको अवस्था,

(ख) भौगोलिक अवस्था, प्रहरी र जनसङ्ख्याको अनुपात,

(ग) शहरीकरण, बसाइँ सराइ तथा जनघनत्व,

(घ) अपराधको अवस्था एवं प्रवृत्ति, शान्ति सुरक्षाको स्थिति तथा सम्भाव्य चुनौतीहरु,

(ङ) कुनै खास प्रकृतिको सेवा, सुरक्षा प्रदान गर्नु पर्ने अवस्था,

(च) विकास निर्माण र सडक सञ्जालको विस्तार,

(छ) तोकिए बमोजिमका अन्य आधारहरु।

(४) यस दफा बमोजिम प्रदेश प्रहरीको सङ्गठन संरचना तथा दरबन्दी हेरफेर गर्दा प्रचलित कानून बमोजिम प्रदेश प्रहरीमा समायोजन भएका कर्मचारी अवकाश नभएसम्म निज बहाल रहेको पद कायम रहने गरी गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

७. **प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रणः** (१) प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण मन्त्रालय मार्फत प्रदेश सरकारले गर्नेछ।

(२) प्रदेश प्रहरी प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ।

(३) प्रदेश प्रहरीले प्रदेशभित्र आन्तरिक शान्ति सुरक्षा एवं अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानको कार्य गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित नीति र कानून बमोजिम गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्दा प्रदेश प्रहरीले प्रदेश प्रहरी प्रमुखको प्रत्यक्ष रेखदेख, निर्देशन र सुपरिवेक्षणमा गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको कार्य गर्दा माथिल्लो प्रहरी कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ। यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कार्यालय तथा कर्मचारीको कर्तव्य हुनेछ।

(६) जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्नको लागि मन्त्रालयले सम्बन्धित जिल्लाको प्रदेश प्रहरी परिचालन गर्न प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिन सक्नेछ र यसरी परिचालन गरेको अवस्थामा सम्बन्धित जिल्लाको प्रदेश प्रहरीले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशनमा रही काम गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको प्रदेश प्रहरी परिचालन गर्दा प्रमुख जिल्ला अधिकारीले प्रदेश मन्त्रालयको प्रत्यक्ष निर्देशनमा रही काम गर्नु पर्नेछ।

(८) शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा नेपाल प्रहरी र प्रदेश प्रहरी संयुक्त रूपमा परिचालन भएको अवस्थामा प्रदेश प्रहरीले नेपाल प्रहरीको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही कार्य गर्नु पर्नेछ।

(९) शान्ति सुरक्षा, अपराध अनुसन्धान लगायत कर्तव्य पालनाको लागि खटिएको अवस्थामा प्रदेश प्रहरी कर्मचारीले आफूभन्दा माथिको तोकिएको अधिकारीको रेखदेख, नियन्त्रण र निर्देशनमा रही कार्य सम्पादन गर्नु पर्नेछ।

(१०) यस ऐन, प्रचलित कानून तथा प्रदेश सरकारको नीति

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

निर्देशनको अधीनमा रही शान्ति सुव्यवस्था, अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानको कामका सन्दर्भमा माथिल्लो प्रहरी कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ। यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

८. **<u>प्रदेश प्रहरी प्रशासन</u>**: प्रदेश प्रहरी सङ्गठनको प्रशासन र सञ्चालन यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानून, प्रदेश सरकार र मन्त्रालयले समय समयमा दिएको निर्देशनको अधीनमा रही प्रदेश प्रहरी प्रमुख तथा अन्य प्रहरी कर्मचारीबाट हुनेछ।

९. **<u>प्रदेश प्रहरीको प्रमुख</u>**: (१) नेपाल सरकारबाट खटिई आएको नेपाल प्रहरीको प्रहरी नायब महानिरीक्षक प्रदेश प्रहरी प्रमुख हुनेछ।

(२) प्रदेश प्रहरी प्रमुखको रुपमा खटिएको प्रहरी कर्मचारीले प्रदेश प्रहरीको पोशाक दर्ज्यानी चिन्ह र प्रदेश प्रहरीको चिन्ह (लोगो) लगाई प्रदेश प्रहरीको रुपमा काम गर्नु पर्नेछ।

(३) प्रदेश प्रहरीले सम्बन्धित प्रदेश प्रहरी प्रमुखको निर्देशनमा रही कार्य सम्पादन गर्नु पर्नेछ।

(४) प्रदेश प्रहरी प्रमुखको पारिश्रमिक र सुविधा नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीले पाएभन्दा कम हुने छैन।

(५) प्रदेश प्रहरी प्रमुखले आफूले सम्पादन गर्ने काम, कर्तव्यको सम्बन्धमा मन्त्रालयप्रति उत्तरदायी हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद-३
## <u>प्रदेश प्रहरीको पदपूर्ति</u>

१०. **<u>पदपूर्ति समिति</u>**: (१) प्रदेश प्रहरी सेवाको पदमा खुला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः-

(क) प्रदेश लोकसेवा आयोगका अध्यक्ष वा निजले तोकेको

आयोगको सदस्य -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) प्रदेश प्रहरी प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी निरीक्षकभन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्न प्रदेश लोक सेवा आयोग र मन्त्रालयको प्रतिनिधि समेत रहने गरी पदपूर्ति समितिले आवश्यकता अनुसार बढीमा पाँच सदस्य रहेको छुट्टाछुट्टै पदपूर्ति उपसमिति गठन गरी आफूमा रहेको अधिकार सुम्पन सक्नेछ।

(३) पदपूर्ति समितिले यस ऐन बमोजिम सङ्ख्या निर्धारण गर्नेछ।

(४) यस ऐन बमोजिम बढुवाद्वारा पूर्ति गर्न छुट्याइएको पदको विवरण पदपूर्ति समितिले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(५) पदपूर्ति समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**११. पदपूर्ति गर्न नहुने**: राष्ट्रिय किताबखानामा पद दर्ता नगरी प्रदेश प्रहरी सेवाको कुनै पनि पदमा पदपूर्ति गरिने छैन।

**१२. पदपूर्ति**: (१) प्रदेश प्रहरी सेवाका खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा पदपूर्ति समितिको सिफारिसको आधारमा नियुक्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिम खुला प्रतियोगिताको लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले प्रचलित प्रदेश लोक सेवा आयोग ऐन, नियम र निर्देशिका बमोजिम सञ्चालन गर्नेछ।

(३) प्रदेश प्रहरीको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता, पदपूर्ति प्रक्रिया, परीक्षाको पाठ्यक्रम तथा परीक्षा प्रणाली नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीको लागि निर्धारण भए सरह हुनेछ।

(४) यस ऐनमा व्यवस्था भएदेखि बाहेक प्रदेश प्रहरीको कुनै पनि पदमा अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) प्रदेश प्रहरी सेवाको देहायको पदमा देहाय बमोजिम पूर्ति गरिनेछः-

| पद | खुला प्रतियोगिता (प्रतिशत) | बढुवाद्वारा (प्रतिशत) |
|---|---|---|
| (क) प्रहरी कार्यालय सहयोगी वा सो सरह | १०० | - |
| (ख) प्रहरी जवान | १०० | - |
| (ग) प्रहरी हवल्दार | - | १०० |
| (घ) प्रहरी सहायक निरीक्षक | ६० | ४० |
| (ङ) प्रहरी नायब निरीक्षक | - | १०० |
| (च) प्रहरी निरीक्षक | ६० | ४० |
| (छ) प्रहरी नायब उपरीक्षक | - | १०० |
| (ज) प्रहरी उपरीक्षक | - | १०० |
| (झ) प्रहरी वरिष्ठ उपरीक्षक | - | १०० |

(६) उपदफा (५) को खण्ड (ग) र (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहतर्फ प्रहरी हवल्दार वा प्रहरी नायब निरीक्षक पदमा बढुवाद्वारा पदपूर्ति हुनसक्ने अवस्था नभएमा शत प्रतिशत खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिनेछ।

(७) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहतर्फ तल्लो पद नहुने पदपूर्ति गर्दा शत प्रतिशत खुला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ।

(८) उपदफा (५) को खण्ड (छ) बमोजिम प्रहरी निरीक्षक पदमा बढुवाद्वारा पदपूर्ति हुनसक्ने अवस्था नभएमा प्रथम पटकका लागि प्रदेश सरकारले निर्धारण गरे बमोजिमको प्रतिशतमा पदपूर्ति समितिले शत प्रतिशतसम्म खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने व्यवस्था मिलाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(९) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रहरी सेवालाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पद मध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी तोकिए बमोजिमका उम्मेदवारबीच छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ। यसरी छुट्याइने उम्मेदवारको प्रतिशतको निर्धारण गर्दा देहायको आधार लिनु पर्नेछः-

(क) प्रदेशको जनसङ्ख्या,

(ख) महिला तथा आर्थिक र सामाजिक रूपमा पछाडि परेका तोकिए बमोजिमका वर्ग, जाति तथा क्षेत्र,

(ग) अमर प्रहरी, शहीद परिवार, बेपत्ता परिवार वा चुनौतीपूर्ण जिम्मेवारी निर्वाहको क्रममा अशक्त भएको प्रहरी कर्मचारीको परिवारको सदस्य।

(१०) खुला प्रतियोगितात्मक परीक्षाद्वारा समावेशी ढाँचामा पदपूर्ति गरिने अन्य कार्यविधि, मापदण्ड तोकिए बमोजिम हुनेछ। यसरी कार्यविधि तथा मापदण्ड निर्धारण गर्दा देहायको विषय स्पष्ट खुलाउनु पर्नेछः-

(क) उपदफा (९) को खण्ड (ख) र (ग) मध्येबाट यस ऐन बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरुबीच मात्र प्रतिस्पर्धा गराई पूर्ति गरिने,

(ख) एक भन्दा बढी समावेशी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने सम्बन्धित उम्मेदवारले रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउने,

(ग) एक तह वा श्रेणीमा यस दफा बमोजिमको समावेशीको सुविधा लिई सकेपश्चात माथिल्लो तह वा श्रेणीमा पुनः त्यस्तो सुविधा नपाउने कुरा।

(११) यस दफा बमोजिम पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(१२) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **<u>प्रदेश प्रहरीको न्यूनतम योग्यता तथा अयोग्यताः</u>** (१) खुला प्रतियोगिताद्वारा पूर्ति हुने प्रदेश प्रहरी सेवाको विभिन्न पदमा उम्मेदवार हुन चाहिने न्यूनतम शैक्षिक योग्यता र अन्य योग्यता तोकिए बमोजिम हुनेछ।

(२) देहायका व्यक्ति प्रहरी सेवामा नियुक्त हुन अयोग्य मानिनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएको,

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,

(घ) अदालतबाट मानव अधिकार हननमा कसूरदार ठहरिएको।

१४. **<u>परीक्षाको पाठ्यक्रमः</u>** प्रदेश प्रहरीको खुला प्रतियोगिताद्वारा रिक्त पदमा पदपूर्तिगर्न आवश्यक पर्ने पाठ्यक्रम संघीय प्रहरी ऐन तथा सो अन्तर्गत बनेको नियमावली बमोजिम हुनेछ।

१५. **<u>नियुक्तिः</u>** (१) प्रदेश प्रहरी सेवाका विभिन्न पदमा नियुक्ति गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

| | |
|---|---|
| (क) प्रहरी वरिष्ठ उपरीक्षक पदमा | -प्रदेश मन्त्रिपरिषद् |
| (ख) प्रहरी उपरीक्षक | -मन्त्री, मन्त्रालय |
| (ग) प्रहरी नायब उपरीक्षक र प्रहरी निरीक्षक पदमा | -सचिव, मन्त्रालय |
| (घ) प्रहरी नायब निरीक्षक र प्रहरी सहायक निरीक्षक पदमा | -प्रदेश प्रहरी प्रमुख |
| (ङ) प्रहरी हवल्दार र प्रहरी | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

| | |
|---|---|
| जवान पदमा | -प्रहरी उपरीक्षक |
| (च) प्रहरी कार्यालय सहयोगी पदमा | -प्रहरी नायब उपरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको प्रहरी अधिकृत |

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले भर्ना छनौट समितिको सिफारिसको योग्ताक्रमको आधारमा सिफारिस प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नियुक्ति दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिने नियुक्ति पत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

१६. **परीक्षणकालः** (१) खुला प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा नियुक्ति पाएको प्रहरी कर्मचारीलाई नियुक्ति लिएको मितिदेखि लागू हुने गरी एक वर्षको परीक्षणकालमा राखिनेछ।

(२) यस ऐन बमोजिमको परीक्षणकाल पूरा गरेका प्रहरी कर्मचारीको शुरु नियुक्ति स्वतः सदर भएको मानिनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्ति सदर भएका प्रहरी कर्मचारीको सेवा अवधि शुरू नियुक्ति भएको मितिदेखि नै कायम हुनेछ।

१७. **नियुक्ति बदर हुने अवस्थाः** नियुक्ति गर्ने अधिकारीले देहायको अवस्थामा प्रदेश प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछः-

(क) परीक्षणकालमा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा आचरण सन्तोषजनक नभएमा,

(ख) प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिँदा समेत त्यस्तो तालिममा पुनः असफल भएमा,

(ग) प्रदेश प्रहरी कर्मचारीमा यस ऐन वा यस ऐन अन्तर्गतको नियमावली बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा।

१८. **शपथग्रहणः** आधारभूत तालिममा उत्तीर्ण भएको प्रहरी कर्मचारीले तोकिए बमोजिमको कार्यविधि र ढाँचामा शपथग्रहण गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१९. **पोशाक, दर्ज्यानी चिन्हः** (१) प्रदेश प्रहरीको पोशाक र दर्ज्यानी चिन्ह नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश प्रहरीको पोशाकमा नेपालको राष्ट्रियता र प्रदेशको पहिचान झल्किने चिह्न वा लोगो प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

२०. **पदाधिकार कायम रहनेः** देहायको अवस्थामा प्रदेश प्रहरीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरी रहँदासम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) बिदा बसेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) प्रदेश सरकारद्वारा तोकिएको काम गरुन्जेलको अवधिभर,

(च) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर।

२१. **कार्यवाहक र निमित्तः** (१) कुनै कारणले कार्यालय प्रमुखको पद एक महिनाभन्दा बढी अवधिको लागि रिक्त भएमा एक तह माथिको कार्यालय प्रमुखले रिक्त पदभन्दा एक तह मुनिको सबैभन्दा वरिष्ठ प्रहरी कर्मचारीलाई कार्यवाहक भई कामकाज गर्न तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यवाहक भई कामकाज गर्न तोकिएको प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक भएको पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ।

(३) यस दफा बमोजिम कार्यवाहक नतोकिएको अवस्थामा एक महिनामा ननाघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयको सबैभन्दा वरिष्ठ प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछ। यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने प्रहरी कर्मचारीको हुनेछ।

(४) कार्यवाहक वा निमित्त भई काम गर्ने प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन सुविधा पाउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

तर पन्ध्र दिनभन्दा कम अवधि कार्यवाहक वा निमित्त भई काम गरे बापत भत्ता र रासन सुविधा पाउने छैन।

(५) उपदफा (४) बमोजिम काम गर्ने प्रहरी कर्मचारीले पाउने तलब भत्ता निजले सो पदमा बढुवा हुँदा पाउने तलब भत्ता भन्दा बढी हुने छैन।

## परिच्छेद-४
## प्रदेश प्रहरीको तालिम सम्बन्धी व्यवस्था

२२. **तालिम लिनु अनिवार्य हुने:** प्रदेश प्रहरीमा रहेका सबै प्रहरी कर्मचारीहरुले आवश्यकता अनुसार तालिम लिनु अनिवार्य हुनेछ।

२३. **आधारभूत तथा वृत्ति विकास सम्बन्धी तालिम** : (१) प्रदेश प्रहरीको विभिन्न पदमा गर्नु पर्ने आधारभूत, सेवाकालीन तथा विशिष्टकृत र वृत्ति विकास सम्बन्धी तालिमहरुको आवश्यकताको पहिचान पाठ्यक्रमको निर्माण, तालिमको अवधि र स्तरको लागि आवश्यक पर्ने मापदण्ड प्रचलित संघीय प्रहरी ऐन र सो अन्तर्गत बनेको नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

(२) तालिममा समावेश गराइएको प्रहरी कर्मचारीहरुले लापरबाही गरी उदासिनता र गैरजिम्मेवारी देखिएमा सो ब्यहोरा अभिलेखमा जनाइनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखमा जनाइसकेपछि निजहरुलाई पुन: एक पटक तालिमको मौका दिइनेछ। यसरी मौका दिँदा समेत उदासिन र गैरजिम्मेवारी देखाउने प्रशिक्षार्थीलाई यस ऐन बमोजिम विभागीय कारबाही गरिनेछ।

२४. **वैदेशिक तालिम:** प्रदेश प्रहरी अधिकृत तथा जवानहरुलाई वैदेशिक तालिमका लागि मनोनयनको सिफारिस गर्दा सङ्गठनको आवश्यकता, सेवा विशिष्टीकरण, ज्येष्ठता, अनुभव, शैक्षिक योग्यता, कार्य सम्पादन क्षमता र दक्षताका आधारमा तोकिए बमोजिमको समितिले प्रदेश प्रहरी सङ्गठनबाट सम्भाव्य उम्मेदवारको नाम छनौट गरी सिफारिस साथ प्रहरी



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रधान कार्यालयमा पठाउनु पर्दछ। यसरी विदेश तालिममा सिफारिस गर्दा योग्य प्रहरी अधिकृत तथा जवानहरु मध्येबाट समान अवसर पाउने गरी सिफारिस गरिनेछ।

२५. **तालिम सम्बन्धी अन्य व्यवस्थाः** (१) प्रदेश प्रहरीको क्षमता विकासको लागि प्रदेश सरकारले आवश्यक प्रबन्ध मिलाउन सक्नेछ।

(२) परीक्षार्थीले पाउने सुविधा, तालिमको परीक्षा सञ्चालन विधि, तालिम सफल हुँदाको परिणाम (ग्रेडिङ्ग), प्रशिक्षण भत्ता, तालिम भत्ता, प्रशिक्षकलाई दिइने विशेष सुविधा जस्ता व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५
## प्रहरी कर्मचारीको बढुवा सम्बन्धी व्यवस्था

२६. **बढुवा समितिः** (१) प्रदेश प्रहरी कर्मचारीहरुको देहायको पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमका बढुवा समिति रहनेछः-

(क) राजपत्राङ्कित श्रेणी र पदको लागि:

(१) सचिव, मन्त्रालय -अध्यक्ष

(२) सचिव, प्रदेश लोक सेवा आयोग -सदस्य

(३) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय -सदस्य

(ख) राजपत्र अनङ्कित श्रेणी र पदका लागि:

(१) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय -अध्यक्ष

(२) अधिकृत प्रतिनिधि नवौं/दशौं

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

वा सो सरह, प्रदेश लोक
सेवा आयोग -सदस्य

(३) अधिकृत प्रतिनिधि नवौं/दशौं
वा सो सरह, मन्त्रालय -सदस्य

(२) बढुवा समितिमा रहेका प्रहरी पदाधिकारी वा निजामती कर्मचारीको नजिकको नातेदार बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेछ र त्यस्तो उम्मेदवारको बढुवा सिफारिस गर्नुपर्ने भएमा प्रहरी पदाधिकारीको हकमा प्रदेश प्रहरी प्रमुख र निजामती कर्मचारीको हकमा मन्त्रालयको सचिवले त्यस्तो पदाधिकारीको सट्टा समान तहको पदाधिकारीलाई बढुवा समितिमा काम गर्ने गरी तोक्नेछ।

<u>**स्पष्टीकरण:**</u> यस उपदफाको प्रयोजनको लागि नजिकको नातेदार भन्नाले बाबु, आमा, सौतेनी आमा, पति, पत्नी, छोरा, बुहारी, छोरी ज्वाईं, दाजु भाउजु, भाइ बुहारी, दिदी भिनाजु, बहिनी, बहिनी ज्वाईं, नाति, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाईं, भान्जा, भान्जी,भान्जी बुहारी, भान्जी ज्वाईं, भतिजा, भतिजा बुहारी, भतिजी, भतिजी ज्वाईं, सासु, ससुरा, देवर, देवरानी, नन्द, आमाजु, जेठाजु, जेठान, साला, साली सम्झनु पर्छ।

(३) बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रहरी कर्मचारीलाई सोही अनुसार योग्यताक्रम कायम गरी बढुवाका लागि सिफारिस गर्नु पर्नेछ।

(४) बढुवा समितिले बढुवाका लागि सिफारिस गरेका प्रहरी कर्मचारीको नामावली र निजले प्राप्त गरेको कुल प्राप्ताङ्क सहितको सिफारिस सूची सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ।

(५) प्रहरी सेवामा रिक्त हुन आई बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने पदमा रिक्त भएको मितिले तीन महिनाभित्र बढुवाद्वारा पदपूर्ति गरी सक्नु पर्नेछ।

(६) यस दफा बमोजिमको बढुवा समितिको सचिवालय प्रदेश प्रहरी कार्यालयमा रहनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(७) बढुवाद्वारा पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **<u>बढुवाको सम्भाव्य उम्मेदवार हुने</u>**: प्रदेश प्रहरीको रिक्त पदमा बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने श्रेणी वा तह भन्दा एक श्रेणी वा तह मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) राजपत्र अनङ्कित पदको लागि पाँच वर्ष,

(ख) राजपत्र अनङ्कित पदबाट राजपत्राङ्कित पदको लागि दश वर्ष,

(ग) अन्य राजपत्राङ्कित अधिकृत पदका लागि पाँच वर्ष।

२८. **<u>बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने</u>**: (१) दफा २७ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्था र अवधिभर प्रदेश प्रहरी कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(घ) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(ङ) खाइपाइ आएको तलब वृद्धि घटुवा भएकोमा जति वर्षको तलब वृद्धि घटुवा भएको हो त्यति वर्षसम्म,

(च) ज्येष्ठता सहितको शुरु स्केलमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(छ) बहाल रहेको पदमा तीनपटकभन्दा बढी नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

(ज) पुनर्बहाली भएको प्रहरी कर्मचारीको हकमा पुनर्बहाली भएको मितिले एक वर्षसम्म,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(झ) कुनै कसूरको सम्बन्धमा छानबिन समितिबाट छानबिन भई मुद्दा दायर भएको अवस्थामा अदालतबाट सफाइ नपाएसम्म,

(ञ) प्राविधिक प्रहरी कर्मचारीको हकमा निजी प्रयासमा अध्ययन गर्नका लागि बिदामा बसेकोमा तोकिए बमोजिमको शर्तनामामा उल्लेख भएको अवधिभर।

(२) सम्भाव्य उम्मेदवार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **<u>बढुवाको आधारः</u>** (१) बढुवा समितिले प्रदेश प्रहरी कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अङ्कको आधारमा बढुवाका लागि सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा सय अङ्क दिइनेछः-

| | |
|---|---|
| (क) कार्य सम्पादन मूल्याङ्कन बापत | -चालीस अङ्क |
| (ख) ज्येष्ठता बापत | -पच्चीस अङ्क |
| (ग) भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापत | -आठ अङ्क |
| (घ) शैक्षिक योग्यता बापत | -दश अङ्क |
| (ङ) तालिम बापत | -सात अङ्क |
| (च) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत | -पाँच अङ्क |
| (छ) बढुवा समितिले दिने | -पाँच अङ्क |

(३) सम्भाव्य उम्मेदवारको कार्य सम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको लागि दरखास्त फाराम भर्ने अन्तिम मितिसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

(४) श्रेणी विहीन पदको बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**३०.** **कार्य सम्पादन मूल्याङ्कन फारामः** (१) प्रदेश प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा निजको कार्य सम्पादन स्तर, सिर्जनशीलता र लगनशीलता, चुनौती वा विशेष जिम्मेवारी वहन गरेको स्तर, सेवाग्राही एवं सङ्गठनप्रतिको व्यवहार, कार्यालय र इकाइसँगको समन्वय समेतलाई आधारमानी तोकिए बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ।

(२) प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन आर्थिक वर्षको हिसाबले वार्षिक रुपमा गर्नु पर्नेछ।

(३) प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) सुपरिवेक्षकले दिन सक्ने अधिकतम अङ्क -पच्चीस अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने -दश अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने -पाँच अङ्क

(४) प्रदेशका जिल्ला प्रहरी प्रमुखको हकमा उपदफा (३) को खण्ड (क) बमोजिम सुपरिवेक्षकले दिने पच्चीस अङ्क मध्ये पूर्णाङ्क दशमा प्रमुख जिल्ला अधिकारीले अङ्क दिनेछ।

(५) बढुवाको प्रयोजनको लागि कार्य सम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ।

(६) कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३१.** **ज्येष्ठता मूल्याङ्कनः** प्रदेश प्रहरी कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क दिँदा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई दशमलव पाँच अङ्कका दरले बढीमा पच्चीस अङ्क दिइनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तर

(क) एक वर्षभन्दा बढी चानचुन महिना वा दिनका लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ,

(ख) गयल कट्टी भएको अवधिको ज्येष्ठता बापतको अङ्क दिइने छैन।

३२. **भौगोलिक क्षेत्र बापतको मूल्याङ्कनः** (१) प्रदेश प्रहरी कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापतको अङ्क प्रदान गर्दा तोकिए बमोजिम भौगोलिक क्षेत्रलाई क्रमश: क, ख, ग र घ गरी चार वर्गमा विभाजन गरी वार्षिक रुपमा काम गरेको अनुभव बापत आठ अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछः-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि २.५ अङ्कका दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २ अङ्कका दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १.५ अङ्कका दरले,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १ अङ्कका दरले,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा एक सय असी दिन वा सोभन्दा बढी अवधि रुजू हाजिर भई काम गरेको भए सोही भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्कको दामासाही हिसाबले र एक सय असी दिनभन्दा कम अवधि काम गरेको भए जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "घ" वर्गको लागि तोकिएको अङ्क दिईनेछ।

(३) प्रदेश प्रहरी सेवाबाट बर्खास्त भई पुनर्बहाली भएको वा निलम्बन भई त्यस्तो निलम्बन फुकुवा भएको प्रहरी कर्मचारीको हकमा निज रुजू हाजिर नभएको अवधिको बर्खास्त वा निलम्बन हुँदा कार्यरत रहेको भौगोलिक क्षेत्रमा काम गरे बापतको अङ्क दिइनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(४) संयुक्त राष्ट्र संघीय मिशनमा खटिएको वा विदेशस्थित नेपाली कूटनीतिक नियोगमा खटिएको प्रदेश प्रहरी कर्मचारीलाई "घ" वर्गको र अध्ययन बिदा वा तीन महिना वा सो भन्दा बढी अवधिको लागि वैदेशिक तालिममा जाने त्यस्तो प्रहरी कर्मचारीलाई "घ" वर्गको लागि तोकिएको अङ्कको आधा अङ्क दिइनेछ।

(५) भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क जुन पदमा बढुवा हुने हो सो पदभन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन प्रारम्भ हुनुअघि कुनै प्रदेश प्रहरी कर्मचारीले भौगोलिक क्षेत्र बापत प्राप्त गरेको अङ्क घट्ने छैन। त्यसरी प्राप्त गरेको अङ्कलाई पूर्णाङ्क आठमा परिणत गरी सोही बमोजिम प्राप्ताङ्क निर्धारण गरिनेछ।

**३३.** **<u>शैक्षिक योग्यता</u>**: (१) बढुवाका लागि प्रहरी कर्मचारीलाई निजले हासिल गरेको शैक्षिक योग्यताको आधारमा देहाय बमोजिम बढीमा दश अङ्क दिइनेछ :-

| **शैक्षिक योग्यता** | **अङ्क** |
|---|---|
| (क) हाल बहाल रहेको पदमा नयाँ नियुक्ति गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत। | ८ |
| (ख) न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो तहको शैक्षिक योग्यता बापत थप। | २ |
| (ग) बढुवाद्वारा हालको पदमा बहाल रहेको प्रहरी कर्मचारीको हकमा खण्ड (क) बमोजिमको शैक्षिक योग्यता नभएमा सो भन्दा एक तह मुनिको शैक्षिक योग्यता बापत। | ५ |

(२) यस ऐन बमोजिम प्रहरी कर्मचारीको बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**३४.** **<u>तालिमः</u>** (१) प्रदेश प्रहरी सेवाको पदमा रहँदा लिएको कुनै दुई आधारभूत वा सेवाकालीन तालिम बापत देहाय बमोजिम बढीमा सात अङ्क दिइनेछ:-

(क) "क" श्रेणी - ३.५ अङ्क

(ख) "ख" श्रेणी - २.५ अङ्क

(ग) "ग" श्रेणी - १.५ अङ्क

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश प्रहरी कर्मचारीलाई तालिम बापतको अङ्क दिँदा पन्ध्र कार्य दिनभन्दा कम अवधिको तालिमका लागि कुनै अङ्क दिइने छैन।

(३) श्रेणी नखुलेको तालिम बापत कुनै प्रहरी कर्मचारीको अङ्क गणना गर्दा "ख" श्रेणी बराबरको अङ्क गणना गरिनेछ।

(४) हाल कार्यरत पदमा लिएको तालिम बापतको अङ्क एक तह माथिको पदमा मात्र बढुवाको लागि गणना गरिनेछ।

(५) कुनै प्रदेश प्रहरी कर्मचारीले यो ऐन प्रारम्भ हुनुभन्दा अघि हासिल गरेको तालिमको हकमा समेत उपदफा (१) बमोजिमको श्रेणी बापतको अङ्क प्राप्त गरेको मानिनेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तालिम बापत अङ्क दिँदा जुन तहको पदमा छँदा आधारभूत तालिम लिएको हो सो पदबाट एक तह माथिको पदमा बढुवा हुन बाहेक अन्य पदमा बढुवाको लागि अङ्क दिइने छैन।

(७) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३५.** **<u>चुनौतीपूर्ण तथा विशेष जिम्मेवारी बापतको अङ्कः</u>** (१) कुनै प्रहरी कर्मचारीले चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरे बापत अङ्क लिँदा देहाय बमोजिम बढीमा पाँच अङ्क दिइनेछ:-

(क) अति चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत -५ अङ्क

(ख) मध्यमस्तरको चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत -३.५ अङ्क

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) सामान्य वा चुनौतीपूर्ण जिम्मेवारी बापत -२ अङ्क

(२) उपदफा (१) खण्ड (क) र (ख) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापतको अङ्क गणना गर्दा जुन पदमा रहँदा अङ्क प्राप्त गरेको हो सो पदबाट एक तह माथिको पदमा बढुवाको लागि मात्र अङ्क गणना गरिनेछ। अङ्क प्रदान गर्दा के कस्तो चुनौतीपूर्ण र विशेष जिम्मेवारी बापत अङ्क प्रदान गरिएको हो सो समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(३) यस ऐन बमोजिम कुन कुन क्षेत्रमा कार्य गर्ने प्रहरी कर्मचारीलाई चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरेको हो भन्ने विषयको निर्धारण प्रदेश प्रहरी कार्यालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ।

(४) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत अङ्क दिने आधार, त्यस्तो मूल्याङ्कन गर्ने अधिकारी तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३६. **बढुवा समितिले दिने अङ्कः** (१) बढुवा समितिले बढुवा हुने प्रहरी कर्मचारीलाई पाँच अङ्कसम्म प्रदान गर्नेछ। यसरी अङ्क प्रदान गर्दा बढुवा समितिको अध्यक्ष तथा सदस्यले छुट्टाछुट्टै मूल्याङ्कन गरी दिएको अङ्कको औसतबाट बढुवा समितिले अङ्क निर्धारण गर्नेछ।

(२) बढुवा समितिका अध्यक्ष वा सदस्यले उपदफा (१) बमोजिम अङ्क दिँदा कुनै प्रहरी कर्मचारीलाई दुईभन्दा कम वा चारभन्दा बढी अङ्क दिनु परेमा वस्तुगत कारण समेत उल्लेख गर्नु पर्नेछ।

(३) बढुवा समितिले अङ्क प्रदान गर्दा कार्य सम्पादनमा प्राप्त गरेको अङ्क तथा निजले हालको पदमा प्राप्त गरेको पदक, पुरस्कार तथा प्रशंसा पत्र पाएको आधारलाई तुलनात्मक रूपमा बढी अङ्क र सजाय पाएकालाई कम अङ्क दिनु पर्नेछ।

(४) बढुवा समितिले अङ्क दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **बढुवा सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रदेशको लागि देहाय बमोजिमको उत्कृष्ट कार्य गर्ने प्रहरी जवानदेखि सहायक निरीक्षकसम्मका प्रहरी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

कर्मचारीलाई दफा २६ को उपदफा (१) को खण्ड (ख) बमोजिमको बढुवा समितिले एक तह माथिको रिक्त पदमा बढुवा गर्न सक्नेछ :-

(क) राष्ट्र तथा आफू सेवारत प्रहरी कार्यालयको मान, प्रतिष्ठा र गौरव बढाउन प्रशंसनीय, सृजनात्मक र लगनशील भई कार्य गरेको,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विभिन्न विधामा उत्कृष्ट कार्य गरी राष्ट्र र प्रहरी सङ्गठनको छवी उच्च राख्न विशेष योगदान पुऱ्याएको,

(ग) प्रदेश प्रहरी सेवामा रही कर्तव्य पालनाको सिलसिलामा वीर गति प्राप्त गरेको वा शारीरिक रुपमा अशक्त भई सेवाबाट अवकाश लिनु पर्ने अवस्थाको।

(२) उपदफा (१) बमोजिम बढुवा भएका कर्मचारीको नाम, पद, बढुवा गर्नु पर्ने आधार र औचित्य सहितको लिखित विवरण प्रदेश प्रहरी कार्यालयले बढुवा गरेको पन्ध्र दिनभित्र मन्त्रालयलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बढुवा गर्दा एक आर्थिक वर्षमा एउटा श्रेणीमा बढीमा दुई जनासम्म हुने गरी बढीमा छ जनासम्मलाई गर्न सक्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा कम्तीमा दश वर्ष बहाल हुने प्रहरी उपरीक्षकसम्मको कर्मचारीले उमेरको हद वा पदावधिको कारणबाट अवकाश हुने भएमा अवकाश हुनुभन्दा एक महिना अगाडि त्यस्ता प्रहरी कर्मचारीलाई एक तह माथिको पदमा बढुवा गर्न सकिनेछ। यसरी बढुवा भएको पदमा निज एक महिनाभन्दा बढी कार्यरत हुने छैन।

(५) उपदफा (४) बमोजिम बढुवा गर्नको लागि स्वतः विशेष पद सृजना हुनेछ र त्यस्तो प्रहरी कर्मचारी अवकाश भएपछि त्यस्तो पद स्वतः खारेज हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(६) उपदफा (५) बमोजिम बढुवा भएको प्रहरी कर्मचारीलाई बढुवा हुनुभन्दा अघिको पदबाट अवकाश हुँदा पाउने सुविधाभन्दा घटी नहुने गरी सुविधा दिइनेछ।

**३८.** **<u>बढुवा उपरको उजुरी</u>:** (१) यस ऐन बमोजिम बढुवा समितिको बढुवा सिफारिसमा चित्त नबुझ्ने प्रहरी कर्मचारीले बढुवाको सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र देहायको समिति समक्ष उजुरी दिन सक्नेछः-

(क) प्रदेश लोक सेवा आयोगका अध्यक्ष -अध्यक्ष

(ख) प्रदेश लोक सेवा आयोगका अध्यक्षले तोकेको आयोगको सदस्य -सदस्य

(ग) सचिव (कानून हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(२) उपदफा (१) बमोजिम परेको उजुरी सम्बन्धमा उजुरी गर्ने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र उजुरीको टुङ्गो लगाई सक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी सुन्ने सिमितिले सोको अभिलेख राखी सम्बन्धित बढुवा समितिलाई जानकारी गराउनेछ।

(४) बढुवाको उजुरी सुन्ने समितिले कुनै उम्मेदवारले यस ऐन बमोजिम प्राप्त गर्नु पर्ने अङ्क प्राप्त नगरेको वा प्राप्त नगर्ने अङ्क प्राप्त गरेको आधारमा बढुवा समितिको सिफारिस संशोधन गर्नु पर्ने देखेमा सो समेत गरी नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमको बढुवा उजुरी सुन्ने समितिको सचिवालयको काम प्रदेश लोकसेवा आयोगले गर्नेछ।

(६) बढुवा उपरको उजुरी सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद-६
## सरुवा र काज

३९. **सरुवाः** (१) यस ऐनको अधीनमा रही आवश्यकता अनुरुप प्रहरी कर्मचारीको सरुवा प्रत्येक दुई दुई वर्षमा गरिनेछ।

तर राजपत्राङ्कित प्रहरी कर्मचारी तथा प्रहरी इकाइ प्रमुखको सरुवा सामान्यतया एक वर्षमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा भौगोलिक अवस्था, कार्यबोझ, कार्य विविधता समेतको आधारमा स्टाफ, नेतृत्व, सहायक नेतृत्व र विशिष्टिकृत समूहहरुमा समान अवसर प्राप्त हुने गरी गरिनेछ।

(३) मन्त्रालयले प्रहरी कर्मचारीको सरुवालाई व्यवस्थित, पारदर्शी र अनुमान योग्य बनाउन सरुवा समय तालिका सहितको मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(४) कुनै प्रहरी कर्मचारीले अर्को प्रदेशमा विवाह भएको कारणले सो प्रदेशमा सरुवा हुन माग गरेमा सम्बन्धित प्रदेशको सहमतिमा प्रदेश सरकारले सरुवा भई जान सहमति दिन सक्नेछ।

(५) कुनै प्रहरी कर्मचारीले अर्को प्रदेशमा समायोजन भएको प्रहरी कर्मचारीसँग विवाह भएको कारणले उक्त विवाहित प्रहरीलाई यस प्रदेशमा सरुवा हुन सम्बन्धित प्रदेशको सहमति पेश गरेमा प्रदेश सरकारले सरुवा भई आउन सहमति दिन सक्नेछ।

(६) प्रहरी कर्मचारीको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि निम्न अवस्थामा सरुवा सम्बन्धी अवधि नपुग्दै कुनै प्रहरी कर्मचारीलाई सरुवा गर्न सकिनेछः-

(क) निजले आचरण विरुद्धको कार्य गरेको प्रमाणित भएमा,

(ख) निजले पद अनुसारको जिम्मेवारी पूरा गर्न नसकेमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,गण्डकी प्रदेश

(ग) निजलाई उक्त स्थानमा राखी रहँदा सम्बन्धित स्थानको शान्ति सुरक्षा एवं कार्य वातावरण बिग्रने अवस्था आइ परेमा,

(घ) यस ऐन बमोजिम निजलाई विभागीय सजाय गर्नु पर्ने भएमा,

(ङ) तोकिए बमोजिमका अन्य अवस्था आएमा।

४०. **सरुवा गर्ने अधिकारीः** प्रदेश प्रहरी कर्मचारीलाई सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :-

(क) प्रहरी वरिष्ठ उपरीक्षकलाई प्रदेश मन्त्रिपरिषद्ले,

(ख) प्रहरी उपरीक्षकलाई आन्तरिक मामिला तथा कानून मन्त्रीले,

(ग) प्रहरी नायब उपरीक्षकलाई आन्तरिक मामिला तथा कानून सचिवले,

(घ) प्रहरी निरीक्षकलाई प्रदेश प्रहरी प्रमुखले,

(ङ) प्रहरी नायब निरीक्षक तथा प्रहरी सहायक निरीक्षकलाई प्रदेश प्रहरी कार्यालयको प्रहरी वरिष्ठ उपरीक्षकले,

(च) प्रहरी कार्यालय सहयोगीदेखि प्रहरी हवल्दारसम्मका प्रहरी कर्मचारीलाई प्रहरी उपरीक्षकले।

४१. **काज सम्बन्धी व्यवस्थाः** (१) प्रहरी कर्मचारीलाई आवाश्यकता अनुसार काजमा खटाउन सकिनेछ।

(२) प्रहरी कर्मचारीको काज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## परिच्छेद-७

## प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार

४२. **प्रहरी हरहमेशा तयारी हालतमा रहनुपर्नेः** (१) प्रहरी नियमित ड्युटीमा रहेको अवस्थामा बाहेक सामान्यतया रिजर्भमा रहेको मानिनेछ, सङ्गठनलाई आवश्यक परेमा प्रहरी अधिकृत तथा जवानलाई हाजिर हुन जानकारी गराउन सकिनेछ। यस्तो जानकारी प्राप्त हुन आएमा त्यस्ता

प्रहरी अधिकृत तथा जवानले सङ्गठनले तोकेको कुनै पनि इकाइमा तत्काल हाजिर हुनु पर्नेछ।

(२) प्रहरी अधिकृत तथा जवान ड्युटीमा तैनाथ रहनु पर्ने समय अवधि र मापदण्ड तोकिए बमोजिम हुनेछ।

४३. **समन्वय गर्नु पर्ने**: (१) प्रदेश प्रहरीले प्रदेशको शान्ति सुरक्षा र प्रदेशको काबु बाहिरको शान्ति सुव्यवस्था सम्बन्धमा प्रदेश सरकारमार्फत संघीय प्रहरीसँग समन्वय गर्नु पर्नेछ।

(२) प्रदेश प्रहरीले कुनै पनि एक वा एकभन्दा बढी प्रदेशसँग शान्ति सुरक्षा कायम राख्ने र अपराध अनुसन्धानसँग सम्बन्धित सूचना र सहयोग आदान-प्रदान एवं समन्वय गर्न सक्नेछ। यसरी गरिएको कार्यको जानकारी प्रदेश प्रहरी प्रमुखले यथाशिघ्र मन्त्रालयमा गराउनु पर्नेछ।

४४. **प्रहरी अधिकृत तथा जवानले प्रयोग गर्न पाउने अधिकार**: (१) प्रहरी अधिकृत तथा जवानले यस ऐन वा प्रचलित अन्य कानूनले निर्दिष्टगरे बमोजिम अधिकार वा अख्तियार प्रयोग गर्नेछ।

(२) प्रहरी अधिकृत तथा जवानले पाएको अख्तियार निजभन्दा माथिका दर्जाको प्रहरी अधिकृत तथा जवानले प्रयोग गर्न पाउनेछ।

(३) यस ऐन र प्रचलित अन्य ऐन, नियमहरुको अधीनमा रही प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) प्रदेशभित्र शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने,

(ख) प्रदेशभित्र नागरिकको जीउ, धनको सुरक्षा गरी नागरिक स्वतन्त्रता तथा मानव अधिकारको संरक्षणर सुशासन प्रवर्धनमा सहयोग पुऱ्याउने,

(ग) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित आवश्यक सूचना संकलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(घ) शान्ति सुरक्षामा असर गर्न सक्ने खतरा, चुनौती र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

जोखिम सम्बन्धी सूचना संकलन, विश्लेषण, आदान-प्रदान, उपयोग र प्रतिवेदन,

(ङ) अपराध अनुसन्धानमा अन्य प्रदेश र संघलाई सहयोग तथा समन्वय,

(च) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका प्रदेशभित्रका महत्वपूर्ण व्यक्ति, स्थान, निकाय वा आयोजनाको सुरक्षा गर्ने,

(छ) प्रदेशभित्र यातायात, भवन, संरचना र अन्य सार्वजनिक तथा सरकारी सम्पत्तिको सुरक्षा गर्ने,

(ज) प्रदेशभित्रको लोकमार्ग, सहायक मार्ग तथा स्थानीय तहका मार्गमा ट्राफिक व्यवस्थापन,

(झ) प्रदेशभित्र अपराध रोकथाम र नियन्त्रणको लागि कानून बमोजिम आवश्यक उपाय अवलम्बन गर्ने र सो कार्यका लागि सम्बन्धित निकायहरुसँग सहयोग र समन्वय जुटाउने,

(ञ) प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन लगायत अन्य कार्यमा सहयोग गर्ने,

(ट) प्रदेशभित्र विपद्का समयमा उद्दार, राहत, पुर्नस्थापना लगायतका विपद् व्यवस्थापन सम्बन्धी कामका लागि परिचालित हुने र आवश्यक समन्वय गर्ने,

(ठ) महामारी र अन्य विपदमा मृत्यु भएका शवको व्यवस्थापन,

(ड) प्रदेशभित्र घटेका अपराध सम्बन्धी प्रादेशिक अभिलेख राख्ने,

(ढ) प्रचलित कानून बमोजिम प्रदेश कारागार, हिरासत कक्ष तथा कारागार र हिरासत कक्षमा रहेका कैदी र बन्दीको व्यवस्थापन गर्ने र सुरक्षा व्यवस्था

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

मिलाउने,

(ण) ट्राफिक प्रहरीलाई समय अनुकूल तथा दक्ष बनाई प्रदेशमा हुने सवारी आवागमनलाई सुरक्षित बनाउने तथा प्रदेशको ट्राफिक व्यवस्थापन गर्ने,

(त) प्रदेशभित्र निजी क्षेत्रका सुरक्षा प्रदायक तथा सुरक्षाकर्मीले अपनाउनु पर्ने मापदण्ड पालना गरे, नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने,

(थ) प्रदेश प्रहरीको तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(द) सामुदायिक प्रहरी सम्बन्धी कार्य गर्ने,

(ध) बेवारिस सम्पत्ति जिम्मा लिई प्रचलित कानून बमोजिम व्यवस्थापन गर्ने,

(न) प्रचलित कानून बमोजिम अन्य निकायबाट अनुसन्धान हुने कसूरको सम्बन्धमा माग भएको सहयोग उपलब्ध गराउने,

(प) एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण गर्नु पर्ने भएमा संघीय कानून बमोजिम सोको लागि समन्वय तथा सुरक्षा व्यवस्थापन गर्ने,

(फ) नेपाल प्रहरी र अन्य प्रदेशका प्रहरी सङ्गठनसँग सम्पर्क, सूचना आदान प्रदान र समन्वय गर्ने,

(ब) फौजदारी कार्यविधिको कार्यान्वयन गर्ने,

(भ) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम अन्य कार्यहरू गर्ने, गराउने।

४५. **<u>पक्राउ गर्न सक्ने अधिकारः</u>** (१) प्रचलित कानून बमोजिम कसैलाई पक्राउ गर्नुपर्ने भएमा प्रचलित कानूनले निर्धारण गरेको प्रक्रिया अपनाई प्रदेश प्रहरीले पक्राउ गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(२) प्रहरी अधिकृत तथा जवानले देहायका व्यक्तिलाई पक्राउ पुर्जी बिना गिरफ्तार गर्न सक्नेछः-

(क) तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने अपराधमा संलग्न भएको वा त्यस्तो सजाय हुने अपराधमा संलग्न हुन सक्ने शंकास्पद व्यक्ति,

(ख) कुनै अपराधमा संलग्न रही फरार रहेको व्यक्ति वा कानून बमोजिम सजाय भई फरार रहेको अपराधी,

(ग) कर्फ्यू लागेको समयमा शंकास्पद तरिकाले हिँडडुल गरिरहेको व्यक्ति,

(घ) मनासिब कारण नभई रातमा हातहतियार, खरखजाना वा शंकास्पद चिजवस्तु साथमा लिई हिँडेको व्यक्ति,

(ङ) कानून बमोजिम थुनिएको ठाउँबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति,

(च) नेपाली सेना, नेपाल प्रहरी सेवा र सशस्त्र प्रहरी बल, नेपाल छाडी भागेको व्यक्ति,

(छ) प्रचलित कानून बमोजिम हुने अपराध गरेको छ भन्ने मनासिब शंका भएको व्यक्ति,

(ज) कसूर प्रमाणित भई कैद वा जरिबानाको फैसला पश्चात सो बमोजिमको सजाय भुक्तान नगरेका व्यक्ति।

(३) कानून बमोजिम पक्राउ गर्नु पर्ने वा गम्भीर अपराधमा संलग्न भएको मनासिब कारण भएको कुनै पनि व्यक्तिलाई प्रहरीले पक्राउ गर्नु पर्ने भएमा सो कुरा प्रष्ट रुपमा खोली प्रचलित कानून बमोजिम प्रहरी नियन्त्रणमा आउन अनुरोध गर्नेछ। प्रहरीले अनुरोध गर्दा नमानी बलजफ्ती गर्ने वा भाग्ने वा उम्कने वा सोको प्रयास गर्ने व्यक्तिलाई प्रहरीले आत्मसमर्पण गर्ने जनाउ दिई आवश्यकता अनुसार बलपूर्वक आफ्नो नियन्त्रणमा लिनु पर्नेछ। प्रहरीले नियन्त्रणमा लिने



आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

क्रममा प्रहरी माथिनै आक्रमण गर्ने वा हमला गरी चोट पुऱ्याउने कार्य गरेमा त्यस्ता व्यक्तिको विरुद्धमा प्रहरीले प्रचलित कानून बमोजिम आवश्यक न्यूनतम बल प्रयोग गर्न सक्नेछ।

(४) यस ऐन बमोजिमको प्रहरी कर्मचारीले अपराध अनुसन्धानको सिलसिलामा अन्य प्रदेशमा गई कुनै अभियुक्तलाई तत्काल पक्राउ गर्नु पर्ने भएमा सम्बन्धित प्रदेश प्रहरी कार्यालयको समन्वयमा र अपराधको अनुसन्धान गर्नु परेमा सम्बन्धित प्रदेशको सुरक्षा हेर्ने मन्त्रालय वा निकायसँग समन्वय गरी गर्नु पर्नेछ।

(५) अन्य प्रदेशको प्रहरी कर्मचारीले यस प्रदेशमा आई कुनै अभियुक्तलाई तत्काल पक्राउ गर्नु पर्ने वा अपराधको अनुसन्धान गर्नु पर्ने भएमा समेत उपदफा (४) बमोजिमकै प्रक्रिया अपनाउनु पर्नेछ।

(६) उपदफा (१), (२), (३), (४) वा (५) बमोजिम पक्राउ भएका व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

४६. **<u>प्रहरी कार्यालयले अभिलेख राख्नु पर्ने</u>:** (१) प्रदेश प्रहरी कार्यालयले दैनिक रुपमा सम्पादन गरिएका कार्यहरुको विवरण तोकिए बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(२) अधिकार प्राप्त अधिकारीले उपदफा (१) बमोजिमको अभिलेखको अवलोकन र निरीक्षण गर्न सक्नेछ।

(३) यस्तो अभिलेख प्रदेश प्रहरी सङ्गठनको तोकिएको कार्यालयले अध्यावधिक गरी सही एवं दुरुस्त हालतमा रुजू राख्नु पर्नेछ।

(४) नेपाल प्रहरी, अन्य प्रदेशका प्रदेश प्रहरीलाई तोकिए बमोजिमको प्रक्रिया पूरा गरी आवश्यक सूचना तथा अभिलेख उपलब्ध गराउनु प्रदेश प्रहरीको कर्तव्य हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद-८

## प्रदेश प्रहरी अधिकृत तथा जवानको तलब, भत्ता, रासन तथा अन्य सुविधा

४७. **प्रदेश प्रहरी कर्मचारीले पाउने सुविधाः** (१) प्रदेश प्रहरी अधिकृत तथा जवानले पाउने तलब भत्ता, रासन, चाडबाड खर्च तथा अन्य सुविधा नेपाल प्रहरीका अधिकृत तथा जवानको भन्दा कम हुने छैन।

(२) प्रदेश प्रहरी अधिकृत तथा जवानले सेवा अवधिभर राजपत्राङ्कित श्रेणीको प्रहरी अधिकृत भए बाह्र महिना बराबरको, राजपत्र अनङ्कित प्रथम श्रेणीको प्रहरी भए अठार महिना बराबरको र अन्य राजपत्र अनङ्कित र श्रेणी विहीन प्रहरी भए एक्काइस महिना बराबरको खाइपाइ आएको तलब रकमसम्म उपचार खर्च बापत तोकिए बमोजिम प्रक्रिया र मापदण्ड बमोजिम पाउनेछ।

(३) प्रदेश प्रहरी कर्मचारीहरुको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरी दिनेछ।

४८. **बीमा सम्बन्धी व्यवस्थाः** प्रदेश सरकारले तोकिए बमोजिम प्रदेश प्रहरी कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा गर्नेछ।

४९. **प्रहरी कल्याण कोषः** (१) प्रदेश प्रहरीको हित अभिवृद्धिको लागि प्रदेश प्रहरी कल्याण कोष स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषको उपयोग, सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

५०. **बिदाः** (१) प्रहरी कर्मचारीले देहाय बमोजिमका बिदा पाउनेछन्ः-

(क) भैपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरिया बिदा,

(ङ) प्रसूति बिदा,

(च) प्रसूति स्याहार बिदा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) सट्टा बिदा,

(ज) अध्ययन बिदा।

(२) प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिम प्रहरी कर्मचारीले पाउने बिदा सम्बन्धी कार्यविधि लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## <u>प्रदेश प्रहरी सेवाका कर्मचारीको अनिवार्य अवकाश, उपदान, निवृत्तीभरण तथा उपचार खर्च</u>

**५१.** **<u>अनिवार्य अवकाश</u>:** प्रदेश प्रहरी कर्मचारीको अनिवार्य अवकाश सम्बन्धी व्यवस्था प्रचलित संघीय प्रहरी सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

**५२.** **<u>उपदान</u>:** (१) पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको तर निवृत्तीभरण पाउने अवधि नपुगेको प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा वा त्यस्तो प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त आयोग्य नठहरीने गरी पदबाट हटाइएमा देहाय बमोजिम उपदान पाउनेछ :-

(क) पाँच वर्षभन्दा बढी दश वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

**स्पष्टीकरणः** यस दफा र दफा ५३ को प्रयोजनको लागि “आखिरी तलब” भन्नाले प्रहरी कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउँछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै प्रहरी कर्मचारी निलम्बनमा रहेको भए त्यस्तो अवधिको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रहरी कर्मचारीलाई उपदान दिइने छैन।

**५३.** **निवृत्तीभरणः** (१) बीस वर्ष वा सो भन्दा बढी समयसम्म प्रदेश प्रहरी सेवामा काम गरेको प्रहरी कर्मचारीले नोकरीबाट अवकाश पाएको मितिले निवृत्तीभरण पाउनेछ।

तर प्रचलित कानून बमोजिम समायोजन भई आएका प्रहरी कर्मचारीको हकमा प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रहरी कर्मचारीलाई निवृत्तीभरण दिइने छैन।

(३) उपदफा (१) वा (२) बमोजिम दिइने निवृत्तीभरणको हिसाब देहाय बमोजिम हुनेछः-

(क) प्रहरी निरीक्षक देखि प्रहरी वरिष्ठ उपरीक्षकसम्मको प्रहरी कर्मचारीको हकमाः-

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{\text{५०}}$$

(ख) प्रहरी नायब निरीक्षक र सो भन्दा मुनिका प्रहरी कर्मचारीको हकमाः

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{\text{४०}}$$

(४) अवकाश भई प्रहरी हवल्दार र सोभन्दा मुनिको पदबाट निवृत्तीभरण पाइरहेका व्यक्तिको उमेर साठी वर्ष पूरा भएपछि निजले पाइरहेको निवृत्तीभरणको अङ्कमा तीस प्रतिशत थप गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तीभरणको न्यूनतम रकम समान पदको आधाभन्दा बहालवाला प्रहरी कर्मचारीको तलब स्केलको शुरुअङ्कको कम र अधिकतम रकम समान पदको बहालवाला प्रहरी कर्मचारीको तलबको शुरु स्केलभन्दा बढी हुने छैन।

(६) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै प्रहरी कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा निवृत्तीभरणको लागि आवश्यक पर्ने सेवा अवधि पुऱ्याउन चाहिने वर्ष थप गरी निजको परिवारलाई निवृत्तीभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको प्रहरी कर्मचारीले यस ऐन बमोजिम निवृत्तीभरण पाउने छैन।

(८) बहालवाला प्रहरी कर्मचारीको तलबवृद्धि हुँदा तलबको शुरुअङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका निवृत्त प्रहरी कर्मचारीको निवृत्तीभरण रकममा पनि थप गरिनेछ।

(९) प्रदेश प्रहरी सेवाका कर्मचारीहरु तथा तिनका परिवारहरुले पाउने उपचार खर्च, पारिवारिक निवृत्तीभरण तथा उपदान, असाधारण पारिवारिक निवृत्तीभरण र उपदान, सन्ततिवृत्ति र शैक्षिकवृत्ति, अशक्तवृत्ति प्राप्त गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) यस दफा बमोजिम प्रदान गरिने निवृत्तीभरण र उपदान लगायतका अन्य सुविधा योगदानमा आधारित हुनेछ।

**५४.** **राजीनामा दिन सक्ने**: (१) प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अवकाश लिन सक्नेछ।

(२) प्रहरी कर्मचारीको राजीनामा स्वीकृत गर्ने अधिकार अख्तियारवालालाई हुनेछ।

(३) प्रहरी कर्मचारीको नोकरी अवधिको गणना तोकिए बमोजिमको हिसाबबाट हुनेछ।

**५५.** **नोकरी छोड्न नपाउने**: (१) कुनै पनि प्रदेश प्रहरी कर्मचारीले आफू नियुक्ति भएको पाँच वर्षसम्म नोकरी छोड्न पाउने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तर कुनै प्रहरी कर्मचारीलाई मनासिब माफिकको कारण परी नोकरी नछोडी नहुने अवस्था परेमा निजले कारण खोली राजपत्राङ्कित प्रहरी कर्मचारीले प्रदेश प्रहरी प्रमुखमार्फत मन्त्रालय समक्ष, राजपत्र अनङ्कित कर्मचारीले प्रदेश प्रहरी प्रमुखसमक्ष निवेदन गर्नु पर्नेछ र कारण मनासिब भएमा कर्मचारीलाई नोकरी छाड्न अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) विपरीत नोकरी छोड्ने प्रहरी कर्मचारीलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट लगानी भएको तथा स्वदेश र विदेशमा गराइने आधारभूत तालिम लगायतका रकम असुल उपर गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा गरे बापत निजले पाएको तलब, राशन, दैनिक भ्रमण भत्ता तथा तोकिए बमोजिमको सरकारी स्केलमा पाउने सरसामान बापतका रकम असुल उपर गरिने छैन।

## परिच्छेद-१०
## आचरण

५६. **दान, दातव्य, उपहार लिन नहुने**: (१) सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यले स्वदेशी वा विदेशी कसैबाट पनि कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापट लिन वा अरू कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्न हुँदैन।

(२) प्रहरी कर्मचारीले विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा प्रदेश सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ।

५७. **सम्पत्तिको विवरण दिनु पर्ने**: प्रत्येक प्रहरी कर्मचारीले नेपाल सरकारले तोकेको फाराममा आफ्नो सम्पत्ति विवरण भरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र दफा ९५ बमोजिमको निकायमा पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तर नयाँ नियुक्ति भएको प्रहरी कर्मचारीले त्यस्तो नियुक्ति भएको साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

५८. **कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने**: प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुँदैन:-

(क) कुनै बैंक, कम्पनी वा सहकारी संस्थाको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न।

५९. **सरकारी कामकाज सम्बन्धी समाचार प्रकाश गर्नमा प्रतिबन्ध**: (१) प्रहरी कर्मचारीले प्रदेश सरकारद्वारा अथवा विशेष रूपबाट अख्तियार नपाई आफूले कर्तव्यको पालना गर्दा प्राप्त गरेको कुनै गोप्य वा आफूले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनाधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको प्रतिबन्ध जुनसुकै कारणले प्रदेश प्रहरी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू हुनेछ।

६०. **रेडियो,टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यमसँग सम्पर्क राख्न नहुने**: (१) प्रहरी कर्मचारीले मन्त्रालयको अनुमति प्राप्त नगरी कुनै रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यममा आफ्नै वास्तविकअथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशन गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन।

तर प्रहरी सङ्गठनको प्रवक्ताको रुपमा तोकिएको प्रहरी कर्मचारीले सम्बन्धित प्रहरी सङ्गठनको प्रमुखको अनुमतिमा कार्यालयको गतिविधि सम्बन्धी जानकारी वा सूचना प्रवाह गर्न बाधा पर्नेछैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्यिक, कलात्मक, ऐतिहासिक,वैज्ञानिक र व्यावसायिक विषयको लेख प्रकाशन वा प्रसारण गर्न सकिनेछ।

तर त्यस्तो लेख प्रकाशन वा प्रसारण गरेपछि आफ्नो कार्यालयमा जानकारी गराउनु पर्नेछ।

६१. **<u>प्रेसको सहारा लिन नहुने</u>**: कुनै प्रहरी कर्मचारीले निजको कर्तव्य पालनाको सम्बन्धमा लगाइएको आरोपको निमित्त मन्त्रालयको पूर्व स्वीकृति नलिई प्रेस अथवा सञ्चार माध्यमको सहारा लिन हुँदैन।

६२. **<u>सरकारको आलोचना गर्न नहुने</u>**: (१) नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली जनताबीचको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल् पर्न सक्ने गरी कुनै प्रहरी कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, सामाजिक सञ्जालबाट कुनै कुरा व्यक्त गर्न, कुनै सामग्रीको प्रचार प्रसार गर्न, कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्नहुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

६३. **<u>निर्वाचनमा भाग लिन नहुने</u>**: प्रहरी कर्मचारीले कुनै राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचार-प्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैको लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

६४. **<u>राजनीतिमा भाग लिन नहुने</u>**: प्रहरी कर्मचारीले कुनै राजनीतिक दल वा दलसँग आबद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन, त्यस्ता दल वा सङ्गठनलाई चन्दा दिन वा अन्य कुनै राजनीतिक गतिविधिमा भाग लिन हुँदैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

६५. **राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने**: प्रहरी कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले आफूभन्दा माथिका अधिकृत वा अन्य प्रहरी कर्मचारी माथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

६६. **समय पालन र नियमितता**: प्रहरी कर्मचारीले नियमित रूपले आफ्नो पालोमा कार्यालयमा वा आफूखटिएको ठाउँमा हाजिर हुनु पर्नेछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कार्यालयमा वा आफूखटिएको ठाउँमा अनुपस्थित हुनु हुँदैन।

६७. **अनुशासन र आज्ञापालन**: प्रहरी कर्मचारीले देहाय बमोजिमको अनुशासन र आदेश पालना गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परतासाथ पालना गर्नु पर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताकासाथ पालना गर्नु पर्ने,

(ग) आफूभन्दा माथिका सबै अधिकृतप्रति उचित आदर देखाउनु पर्ने र आफूमातहतका प्रहरी कर्मचारीप्रति उचित व्यवहार गर्नु पर्ने,

(घ) उच्छृङ्खल गतिविधि गर्न नहुने,

(ङ) विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सेवाका मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरु गर्न, गराउन नहुने।

६८. **लैंगिक संवेदनशील हुनु पर्ने**: प्रहरी कर्मचारी आफ्नो काम, कारबाही र व्यवहारमा लैंगिक संवेदनशील हुनु पर्नेछ।

६९. **कानून विपरीत विवाह गर्न नहुने**: प्रहरी कर्मचारीले विहावारी सम्बन्धी प्रचलित कानून विपरीत हुने गरी विवाह गर्नु, गराउनु हुँदैन।

७०. **स्थायी आवासीय अनुमति लिन नहुने**: (१) प्रहरी कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिन हुँदैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(२) कुनै प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित प्रहरी कर्मचारीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिमको विवरण पेश गर्नु पर्नेछः-

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रदेश प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।

७१. **<u>हातपात वा जोरजुलुम गर्न नहुनेः</u>** कुनै प्रहरी कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहतको प्रहरी कर्मचारी उपर हातपातवा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन।

७२. **<u>घरायसी कामकाजमा खटाउन वा लगाउन नहुनेः</u>** कुनै पनि प्रहरी कर्मचारीलाई प्रचलित कानून बमोजिम कुनै व्यक्तिको सुरक्षाको प्रयोजनको लागि खटाउन बाहेक कसैको घरायसी कामकाज गर्ने प्रयोजनको लागि खटाउन वा लगाउन हुँदैन र कुनै प्रहरी कर्मचारी त्यस्तो कामको लागि खटिन हुँदैन।

७३. **<u>यौनजन्य दुर्व्यवहार गर्न नहुनेः</u>** प्रहरी कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन।

७४. **<u>यातना दिन नहुनेः</u>** प्रहरी कर्मचारीले अपराध अनुसन्धान वा अन्य कुनै पनि कार्य गर्दा कसैलाई पनि यातना दिनु हुँदैन।

७५. **<u>प्रदर्शन र हड्ताल गर्न प्रतिबन्धः</u>** (१) प्रहरी कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, सरकारको विरुद्ध दबाव सृजना गर्ने उद्देश्यले

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनसन बसी, अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

(२) उपदफा (१) विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा त्यस्तो प्रहरी कर्मचारीलाई विभागीय सजाय गरी क्षतिपूर्तिसमेत भराइनेछ।

७६. <u>**प्रतिनिधित्व गर्न नहुने**</u>: प्रहरी कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन।

७७. <u>**अन्य आचरण**</u>: प्रहरी कर्मचारीले तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ।

## परिच्छेद-११
## <u>विभागीय सजाय तथा पुनरावेदन</u>

७८. <u>**विभागीय सजाय**</u>: (१) प्रचलित संघीय कानून बमोजिम समायोजन भई प्रदेशमा खटिएका प्रहरी कर्मचारीको विभागीय सजाय र सो सजाय दिने अधिकारी प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लेख भएदेखि बाहेक प्रदेश प्रहरीमा नियुक्त भएका प्रहरी अधिकृत तथा जवानलाई उचित र पर्याप्त कारण भएमा देहाय बमोजिमको विभागीय सजाय दिन सकिनेछ :-

(क) <u>सामान्य सजाय</u>:

(१) नसिहत दिने,

(२) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(३) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(४) बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने,

(५) खाइपाइ आएको बढीमा पाँच तलब वृद्धिसम्म घटुवा गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(६) हालको पदको ज्येष्ठतासहित खाइपाइ आएको शुरु स्केलमा घटुवा गर्ने,

(७) एक तहको तल्लो पदमा घटुवा गर्ने।

(ख) <u>विशेष सजाय:</u>

(१) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

७९. **<u>नसिहत दिने वा प्रतिकूल राय लेख्ने:</u>** देहायको अवस्थामा कुनै प्रहरी अधिकृत तथा जवानलाई यातना नहुने गरी नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्न सकिनेछः-

(क) कार्य सम्पादन सन्तोषजनक नभएमा,

(ख) तालिममा खटाउँदा नगएको वा तालिम अवधिमा लापरबाही गरी गैरजिम्मेवारीपूर्ण व्यवहार देखाएमा,

(ग) सेवाग्राहीको पिरमर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालन नगरेमा,

(घ) सेवाग्राहीलाई दुर्व्यवहार गरेमा,

(ङ) सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका बखत मनासिब आधार र कारण बिना बाटोका म्यादपछि सम्बन्धित कार्यालयमा हाजिर हुन नगएमा,

(च) दुई पटकसम्म लिखित चेतावनी पाएमा वा सचेत गराइएमा।

८०. **<u>बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने:</u>** देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्न सक्नेछः-

(क) आफूले सम्पादन गर्नु पर्ने काम कारबाहीमा लापरबाही गरेमा,



आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ख) यस ऐन वा अन्य प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ग) कानून बमोजिम माथिल्लो दर्जाको अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(घ) दफा ५७, ५८, ५९, ६०, ६६, ६७, ६८, ६९, ७२, ७६, ७७ आचरणसम्बन्धी नियम उलङ्घन गरेमा।

(ङ) दफा ७९ बमोजिमको सजाय दुई पटक पाइसके पछि पुनः सो दफा बमोजिम कुनै काम गरेमा।

८१. **<u>बढीमा पाँच तलब वृद्धि घटुवा गर्ने वा शुरु स्केलमा घटुवा गर्ने वा तल्लोपदमा घटुवा गर्नेः</u>** देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले कुनै प्रहरी कर्मचारीले खाइपाइ आएको बढीमा पाँच तलबवृद्धि घटुवा गर्न वा हालको पदको ज्येष्ठता सहित खाइपाइ आएको शुरु स्केलमा घटुवा गर्न वा तल्लो पदमा घटुवा गर्न सक्नेछः

(क) अनुशासनहीन काम गरेमा,

(ख) दफा ५६, ६१, ६२, ६९, ७१ मा उल्लिखित आचरण सम्बन्धी नियम उलङ्घन गरेमा,

(ग) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा,

(घ) कानून बमोजिम दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(ङ) मनासिब कारण नभई वा बिदा नलिई अनुपस्थित भएमा वा गैरहाजिर भएमा,

(च) लापरबाही गरेमा वा नियम आदेशको पालना नगरेमा,

(छ) लापरबाही गरी सरकारी सम्पत्ति हानि नोक्सानी गरेमा,

(ज) नैतिक पतन देखिने फौजदारी कसूर बाहेकको अन्य कुनै फौजदारी अभियोगमा कैद बाहेक जरिबाना वा क्षतिपूर्ति भराउने वा दुबै सजाय भएमा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

**८२. सेवाबाट हटाउने वा बर्खास्त गर्ने:** (१) देहायको कुनै पनि अवस्थामा प्रदेश प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ :-

(क) आफ्नो पदीय जिम्मेवारीमा बराबर लापरबाही गरेमा,

(ख) आचरण सम्बन्धी कुराहरु बराबर उलङ्घन गरेमा,

(ग) ड्युटिको समयमा बराबर मादक पदार्थ सेवन गरेमा,

(घ) बराबर अनुशासनहीन काम गरेमा,

(ङ) दफा ६३, ६४, ६५, ७०, ७३, ७४ र ७५ मा उल्लिखित आचरण उलङ्घन गरेमा,

(च) बिदा स्वीकृति नगराई लगातार पैंतालीस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(छ) दफा ७९, ८० र ८१ बमोजिमको सजाय तीन पटक पाइसके पछि पुनः सो दफा बमोजिमको कुनै काम गरेमा,

(ज) नैतिक पतन देखिने बाहेकका अन्य कुनै फौजदारी कसूरमा दोषी ठहर भई कैद सजाय भएमा, सरकारी कार्य सम्पादनमा संलग्न हुने क्रममा प्रचलित कानून बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई छ महिनाभन्दा कम कैद सजाय भएमा,

(झ) अध्ययन बिदा पूरा गरी फर्किएपछि तोकिए बमोजिमको अवधिसम्म सेवा नगरेमा।

(२) देहायको कुनै अवस्थामा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ:-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) स्थायी आवासीय अनुमति लिएमा वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) प्रहरी विशेष अदालतबाट दोषी ठहरिएमा।

८३. **कार्यालयमा अनुपस्थित भएमा वा झुट्टा विवरण पेश गरेमा हुने कारबाहीः** (१) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने प्रहरी कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ। यसरी गयलकट्टी भएको अवधि अनिवार्य अवकाश बाहेक अन्य प्रयोजनको लागि निजको सेवा अवधिमा गणना हुने छैन।

(२) कुनै पनि प्रहरी कर्मचारीले झुट्टा कारण देखाई बिदा लिई बसेको ठहरेमा बिदा बसेको अवधिलाई गैरहाजिर गराई गैरहाजिर सम्बन्धी कसूरमा कारबाही हुनेछ।

८४. **सजाय सम्बन्धी कार्यविधिः** (१) प्रहरी कर्मचारीलाई यस ऐन बमोजिमको विभागीय सजायको आदेश दिनुअघि विभागीय सजाय आदेश दिने अधिकारीले निजलाई कारबाही गर्न लागिएको ब्यहोरा स्पष्ट उल्लेख गरी कम्तीमा सात दिनको मौका दिई लिखित सूचना दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ। यसरी त्यस्तो लिखित सूचनामा निज उपर लगाइएको आरोप स्पष्ट रुपले किटिएको हुनुपर्दछ। साथै प्रत्येक आरोप कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ। आरोप लागेको प्रहरी कर्मचारीले त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र आफ्नो सफाइ लिखित रुपमा पेश गर्नु पर्नेछ।

(२) विशेष सजायको आदेश दिनुभन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले उपदफा (१) बमोजिम सफाइ पेश गर्न दिइएको म्यादभित्र सफाइ पेश नगरेमा वा पेश हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो प्रहरी कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

(३) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीको सम्बन्धमा प्रहरी सेवाबाट हटाउन वा बर्खास्त गर्दा तोकिए बमोजिम गर्नु पर्नेछ।

तर नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भइसकेको अपराध गरेको वा प्रहरी विशेष अदालतबाट ठहर गरी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

कैदको सजाय पाएको कुनै प्रहरी कर्मचारीलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिए पुग्नेछ।

(४) विभागीय सजाय गर्ने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई बर्खास्त गर्ने, सेवाबाट हटाउने दर्जा वा तलब घटाउने आदेश दिँदा सो गर्नाको आधार सहितको अभियोग, सो बारे जाँचबुझ गरेको ब्यहोरा, निजलाई सफाइको मौका दिएकोमा निजको सफाइको जिकिर र सो जिकिर बमोजिमको केही बुझिलिएको भए सो समेत बारे आफ्नो ठहर लेखी सफाइको मौका नदिएकोमा सो दिन मनासिब नपरेको अवस्था देखाई ब्यहोरा खुलाएको पर्चा समेत खडा गरी सही गरी मिसिल सामेल राख्नु पर्छ।

(५) दफा ७८ को उपदफा (२) को खण्ड (ख) बमोजिम विशेष सजाय गर्नु पूर्व प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(६) विभागीय सजाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८५. **निलम्बनः** (१) कुनै प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजायको आदेश दिन पाउने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ। यसरी निलम्बन गर्दा निलम्बन गर्नुका आधार र कारण स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधि छ महिनाभन्दा बढी हुने छैन। निलम्बन अवधिमा निज उपरको कारबाहीको किनारा लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारीलाई निलम्बन गर्नु पर्दा देहायको अवस्था विद्यमान हुनु पर्नेछ :-

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुट्टा प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुद प्रमाण गायब वा नष्ट गर्न सक्ने देखिएमा,

वा

आन्तरिक मामिला तथा कानून ... बागमती प्रदेश

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा थप सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा

वा

(ग) कुनै प्रहरी कर्मचारीले गरेको कार्यको कारणले निजलाई निलम्बन नगरे सङ्गठनभित्रका कर्मचारीहरुमा नैराश्यता, उत्तेजना आउने वा जनमानसमा नकारात्मक असर पर्न सक्ने वा प्रहरी सङ्गठनकै प्रतिष्ठामा आँच आउने भएमा।

(४) उपदफा (१) बमोजिम निलम्बन अवस्थामा रहेको प्रहरी कर्मचारीले पाउने तलब भत्ताको आधा रकममात्र पाउनेछ।

(५) कुनै फौजदारी अभियोगमा वा ऐन अन्तर्गतको कसूरमा गिरफ्तार भई थुनिएको वा त्यस्तो आरोप लागेको प्रहरी कर्मचारी साधारण तारेखमा छुटेको अवस्थामा बाहेक सो मुद्दामा फैसला नभएसम्म स्वत: निलम्बनमा रहनेछ र सो मुद्दामा फैसला हुँदा सफाइ पाएमा त्यस्तो निलम्बन फुकुवा भई सेवामा बहाली हुनेछ।

(६) यस ऐन तथा प्रचलित कानून बमोजिम निलम्बित प्रहरी कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले सो अवधिको निलम्बनमा रहेका अवस्थामा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरै तलब (तलबवृद्धि हुने भएमा सो समेत) पाउँनेछ।

तर

(क) कसूरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन,

(ख) कुनै प्रहरी कर्मचारी सरकारी कामको सम्बन्धमा वा कुनै कर्मचारीलाई तोकेको दायित्व पालनाको क्रममा प्रदेश सरकारबाट भएको कारबाही स्वरुप निलम्बन भएको नभई अरु नै कारणबाट स्वयं निलम्बन हुन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(७) कुनै प्रहरी कर्मचारी उपर नेपाल सरकार वादी हुने कुनै फौजदारी अभियोगमा कुनै अधिकार प्राप्त अधिकारीले निलम्बन गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ।

(८) शुरु अदालतबाट सफाइ पाएको कुनै प्रहरी कर्मचारी माथिल्लो अदालतबाट दोषी ठहर भएमा सो कुराको जानकारी दिने दायित्व सम्बन्धित प्रहरी कर्मचारीको हुनेछ। त्यसरी जानकारी नदिएको कारणबाट त्यस्तो अवधिको तलब भत्ता पाएको भए सो रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

८६. **सेवाको अन्त गर्न सक्नेः** कुनै प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नु पर्ने भएमा प्रहरी अख्तियारवालाले पर्चा खडा गरी सेवाको अन्त गर्न सक्नेछ। यसरी सेवाको अन्त गर्दा दफा ८४ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछैनः-

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुँदै,

(ख) नेपाल सरकार वा प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले शारीरिक वा मानसिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा।

८७. **सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारीः** (१) दफा ७८ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित सामान्य सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुनेछ।

(२) दफा ७८ को उपदफा (२) को खण्ड (ख) मा उल्लिखित विशेष सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ।

(३) उपदफा (२) बमोजिम भएको सजायको पुनरावेदन सुन्ने अधिकार प्रदेश सरकारलाई हुनेछ।

८८. **पुनरावेदनको कार्यविधिः** (१) दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने प्रहरी कर्मचारीले जुन कार्यालय मार्फत कारबाहीको आदेश गरिएको हो सोही कार्यालयमार्फत वा सोझै पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी पुनरावेदन दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त आफूसँग भएको प्रमाण राखी शिष्ट भाषामा लेखी दिनु पर्नेछ। पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिँदा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र दिनु पर्नेछ।

(४) विभागीय सजायको आदेश सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

८९. **पुनर्बहाली भएमा पाउने सुविधाः** (१) कुनै प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी दिइएको आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई सेवामा पुन: कायम भएमा त्यस्तो प्रहरी कर्मचारीले सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुन: कायम भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धिसमेत पाउनेछ।

तर भगौडा वा गैरहाजिर भई सेवाबाट हटाइएको वा बर्खास्त गरिएको प्रहरी कर्मचारी सेवामा बहाली भएमा निजले भगौडा वा गैरहाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन।

(२) उपदफा (१) मा तोकिए बमोजिम तलब भत्ता तथा तलब वृद्धि पाउने भए सो तलब भत्ता बापतको रकम निजको पुनर्बहाली भएको दरबन्दीबाट पाउनेछ।

(३) शुरु अदालतबाट फौजदारी अभियोगमा दोषी ठहरी सोही कसूरमा विभागीय कारबाही भई सेवाबाट अलग गरिएका प्रहरी कर्मचारीले उक्त फौजदारी अभियोगमा पुनरावेदन तहबाट सफाइ पाएमा निज सेवामा पुनर्बहाली हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद-१२

## प्रदेश सुरक्षा समिति सम्बन्धी व्यवस्था

९०. **प्रदेश सुरक्षा समितिः** (१) प्रदेशको शान्ति सुरक्षा कायम गर्न तथा प्रदेशमा हुने अपराध अनुसन्धान तथा सूचना आदान प्रदान, अन्तर प्रदेश तथा नेपाल सरकारसँग समेत सुरक्षा समन्वय लगायतको विषयमा प्रदेश सरकारलाई सुरक्षा सम्बन्धमा नीतिगत सुझाव दिन देहायको एक समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्री, मन्त्रालय | -संयोजक |
| (ख) पृतनापति, नेपाली सेनाको कार्यालय प्रमुख (प्रदेश कार्यक्षेत्र भएको) | -सदस्य |
| (ग) सचिव, मन्त्रालय | -सदस्य |
| (घ) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरीको कार्यालय | -सदस्य |
| (ङ) प्रमुख सशस्त्र प्रहरी बल नेपाल, प्रदेश कार्यालय | -सदस्य |
| (च) प्रमुख, राष्ट्रिय अनुसन्धान, प्रदेश कार्यालय | -सदस्य |
| (छ) प्रमुख, प्रदेश अनुसन्धान ब्यूरो | -सदस्य |
| (ज) महाशाखा प्रमुख (शान्ति सुरक्षा हेर्ने), मन्त्रालय | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार अन्य सम्बन्धित अधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको अन्य काम, कर्तव्य, अधिकार र व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# परिच्छेद-१३
## विविध

९१. **सेवाको सुरक्षाः** कुनै पनि प्रहरी कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तीभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिनेछैन। साथैपछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको वा निवृत्तीभरण पाउने गरी अवकाश पाएको कुनै प्रहरी कर्मचारीको उपयुक्त सेवाका शर्तमा कुनै प्रकारले प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मञ्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन।

९२. **असल नियतको बचाउः** (१) प्रहरी कर्मचारीले यस ऐन वा प्रचलित कानून बमोजिम गर्नु पर्ने अपराध रोकथाम, नियन्त्रण, अनुसन्धान वा कानून कार्यान्वयन वा कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले पठाएको म्याद वा जारी गरेको विज्ञप्ति, आदेश वा वारेन्ट कार्यान्वयन गर्दा असल नियतले गरेको काममा सजायको भागी हुन र हर्जाना तिर्न पर्ने छैन र प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनको क्रममा गरेको कुनै सरकारी कामको सम्बन्धमा निज उपर उपदफा (२) बमोजिमको रीत नपुऱ्याई मुद्दा चल्न सक्ने छैन।

(२) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारी उपर मुद्दा चलाउनको लागि अख्तियारवालाको अनुमति प्राप्त गर्नु पर्नेछ।

(३) कुनै प्रहरी कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(४) उपदफा (३) बमोजिम मुद्दा चलेमा निजको तर्फबाट प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ।

९३. **विशेष सुरक्षाको लागि प्रहरी कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) अन्य प्रचलित कानून बमोजिम प्रदेश प्रहरीले सुरक्षा प्रदान गर्ने भनी

तोकिएका कुनै विशिष्ट व्यक्ति वा महत्वपूर्ण संरचना, भवन वा संस्थाको सुरक्षाको लागि वा प्रदेश प्रहरीलाई प्राप्त सूचनाका आधारमा अन्य कुनै विशिष्ट व्यक्ति वा संरचनाको सुरक्षा उपरको खतराको मूल्याङ्कन गरी तोकिए बमोजिमको समितिको सिफारिसमा वर्दीसहित वा सादा पोशाकमा प्रदेश प्रहरी खटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम खटिएका प्रदेश प्रहरी कर्मचारीलाई निजको जिम्मेवारी पूरा गर्न नदिने गरी कुनै जोरजुलुम गरेमा, हात उठाई वा नउठाई हमला गरेमा वा अन्य क्रियाकलाप गरेमा त्यस्तो प्रदेश प्रहरी कर्मचारीले आफूले सुरक्षा दिनुपर्ने व्यक्ति, संरचना, भवन वा संस्थाको सुरक्षा वा बचाउ गर्न वा आफ्नो जीउको सुरक्षा गर्न आवश्यक बल प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम खटिएको सुरक्षाकर्मीले आफूसँग रहेको स्रोत साधन वा हातहतियार प्रयोग बदनियत वा हेलचेक्र्याइँका साथ गरेको हो, होइन वा त्यस्तो स्रोत साधन वा हातहतियार वा बल प्रयोग गर्न आवश्यक थियो, थिएन भन्ने सम्बन्धमा छानबिन गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम छानबिन गर्दा त्यस्तो प्रहरी कर्मचारीले आफूसँग रहेको स्रोत साधन वा हातहतियारको प्रयोग बदनीयत, हेलचेक्र्याइँ साथ गरेको वा आवश्यकताभन्दा बढी बल प्रयोग गरेको देखिएमा निजलाई विभागीय वा प्रचलित कानून बमोजिमको कारबाही अगाडी बढाउन सकिनेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक व्यक्तिले अर्को व्यक्तिको हत्या गर्न सक्ने वा सांघातिक आक्रमण गरी जीउ ज्यान लिन सक्ने वा गम्भीर घाइते बनाउन सक्ने वा ठूलो सङ्ख्याका मानिसहरुको जीउ ज्यानमा हानि पुऱ्याउन सक्ने वा सार्वजनिक स्वास्थ्यमा खतरा पार्न सक्ने वा सार्वजनिक र राष्ट्रिय सम्पत्तिमाथि आगजनी, तोडफोड, आक्रमण वा विध्वंस गरी गम्भीर क्षति पुऱ्याउन सक्ने मनासिव आधार भएमा प्रहरीले तत्काल त्यसको कार्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

हुनबाट रोक्न अन्य कुनै उपाय नभएमा प्रचलित कानून बमोजिम आवश्यकता अनुसार बल प्रयोग गर्न सक्नेछ।

९४. **सेवा परिवर्तनमा बन्देजः** प्रहरी सेवाको कुनै पनि तहका प्रहरी कर्मचारीलाई निजको ईच्छा विपरीत प्रहरी सेवाबाट अन्य कुनै सेवामा सेवा परिवर्तन गरिने छैन।

९५. **प्रदेश प्रहरी अभिलेख सम्बन्धी व्यवस्थाः** (१) प्रहरी कर्मचारीहरुको अभिलेख व्यवस्थापनको लागि एक प्रदेश प्रहरी किताबखाना रहनेछ।

तर यसरी प्रदेश प्रहरी किताबखाना स्थापना नभएसम्म यसको सङ्गठन संरचना र अभिलेख सम्बन्धी सम्पूर्ण व्यवस्थापन प्रचलित संघीय कानून बमोजिम राष्ट्रिय किताबखानाले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रहरी किताबखानाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

९६. **अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्थाः** (१) अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्था संघीय प्रहरी ऐन बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको सहभागिताको लागि आवश्यक मापदण्ड एवं कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

९७. **सूत्र परिचालन गर्न सक्नेः** (१) शान्ति सुव्यवस्था कायम गर्न र अपराध नियन्त्रण वा अनुसन्धान सम्बन्धी सूचना संकलनकालागि प्रदेश प्रहरीले गोप्य रुपमा सूत्र परिचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने सूत्र परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९८. **सामुदायिक प्रहरीः** (१) प्रदेश सरकारले स्थानीय तहको शान्ति सुरक्षा व्यवस्थापनको लागि प्रदेश प्रहरीको सङ्गठनको मातहत रहने गरी तोकिए बमोजिमको सामुदायिक प्रहरीको गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रहने सामुदायिक प्रहरीको सञ्चालन, व्यवस्थापन र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

९९. **हातहतियार, खरखजाना तथा सञ्चार साधनको प्रयोगः** प्रदेश प्रहरीले प्रयोग गर्ने हातहतियार, खरखजाना तथा सञ्चार साधन र सोको प्रयोग सम्बन्धी मापदण्डको व्यवस्था प्रचलित संघीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ।

१००. **कसूर, मुद्दाको अनुसन्धान, दायरी, सजाय र पुनरावेदनः** प्रदेश प्रहरी कर्मचारीले गर्ने कसूर, मुद्दाको अनुसन्धान, दायरी, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

१०१. **कसूर र सजायः** यस ऐनको परिच्छेद-११ बमोजिमको विभागीय सजाय बाहेक प्रचलित कानून बमोजिम प्रहरी कर्मचारीको लागि हुने कसूर, सजाय र सोको कार्यविधि सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

१०२. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न पाइने छैन।

१०३. **नेपाल सरकारको दायित्व हुनेः** प्रचलित कानून बमोजिम प्रदेश प्रहरीमा समायोजन भएको वा खटिएको प्रहरी कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तीभरण, उपचार खर्च तथा सञ्चित बिदाको रकम नेपाल सरकारले प्रचलित कानून बमोजिम ब्यहोर्नेछ।

१०४. **प्रचलित कानून लागू हुनेः** (१) यस ऐनमा लेखिएकोमा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित संघीय प्रहरी कानून बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) प्रचलित कानून बमोजिम प्रदेशमा समायोजन भएका प्रहरी कर्मचारीको हकमा प्रचलित संघीय कानून लागू हुने भए सोही बमोजिम र अन्यमा यसै ऐन बमोजिम हुनेछ।

(३) प्रदेश प्रहरीको सम्बन्धमा प्रचलित संघीय कानूनले कुनै खास विषयमा निश्चित मापदण्ड, कार्यविधि एवं अन्य व्यवस्था गर्ने भनी तोकेको वा लेखिएकोमा सोही बमोजिम हुनेछ।

**१०५. <u>नियम बनाउने अधिकार</u>:** (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) यस ऐन तथा यस अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले कार्यविधि, मापदण्ड, निर्देशिका, आचारसंहिता बनाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश